नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

स्थानीय पूर्वाधार विभाग

**प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम**

कार्यक्रम समन्वय इकाई, ललितपुरको

# सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मितिः २०७६।०९।२१

स्थानीय तहको केन्द्रसम्म गुणस्तरीय तथा सुरक्षित सडक सञ्जालको विस्तार गरी स्थानीय तहबाट प्रवाह हुने सेवासम्म जनताको सहज पहुँच पुर्याउने, रोजगारी सिर्जना गर्ने, साथै आर्थिक र सामाजिक रुपान्तरणमा सहयोग पुर्याउने लक्ष्यका साथ स्थानीय पूर्वाधार विभाग अन्तर्गत चालु आ. व. २०७६।७७ देखि **"प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम"** लागु भएको छ। कार्यक्रम सञ्चालनका लागि 'प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६' नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६।०८।२३ को निर्णयबाट स्वीकृत समेत भइसकेको छ। **हालसम्म पक्की सडक मार्फत राष्ट्रिय वा प्रादेशिक सडक सञ्जालमा नजोडिएका** स्थानीय तहले आफ्नो केन्द्र जोड्ने एउटा सडक उक्त कार्यविधिको दफा ३ बमोजिम पहिचान गरी स्थानीय तहको कार्यपालिकाको निर्णय सहित यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयमा पठाउनु पर्ने र भौतिक पूर्वाधार विकास मन्त्रालयले यसरी पहिचान भई आएका सडक आयोजनाहरुको स्वीकृतिका लागि सोही कार्यविधिको दफा ४ बमोजिम सूचीकृत गरी १५ (पन्ध्र) दिनभित्र कार्यक्रम समन्वय इकाईमा पठाउनु पर्ने हुदाँ सोको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

१. कार्यविधिको दफा ३ बमोजिम स्थानीय तहले सडक पहिचान गर्दा लिनुपर्ने आधारहरुः

(क) पहिचान गरिएको सडक सहज, छोटो, कम लागत लाग्ने र सुरक्षित हुनुपर्ने,

(ख) प्रदेश यातायात गुरुयोजना र गाउँ/नगर यातायात गुरुयोजना तयार भएको भए सो को प्राथमिकतामा परेका सडकहरु मध्येको सडक हुनुपर्ने,

(ग) तुलनात्मक रुपमा उच्च प्रतिफल प्राप्त हुने र अधिकतम जनसमुदायलाई सेवा पुग्ने सडक हुनुपर्ने,

(घ) सामाजिक, वातावरणीय तथा भौगर्भिक दृष्टिकोणले उपयुक्त देखिएको सडक हुनुपर्ने,

(ङ) सडकको अधिकार क्षेत्र स्पष्ट भैसकेको र पछि कार्यान्वयनमा जाँदा कुनै किसिमको बाधा-अवरोध नआउने हुनुपर्ने,

(च) सडकले ओगट्ने जग्गाका जग्गाधनीले स्वेच्छिक जग्गादान गर्न तयार रहेको सडक हुनुपर्ने ।

(छ) स्थानीय तहले सडकका लागि आवश्यक जग्गा उपलब्ध गराएको हुनुपर्ने।

२. कार्यविधिको दफा ४ बमोजिम प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयले छनौट गरिने सडकहरुको सूची तयार गर्दा लिनुपर्ने आधारहरुः

(क) स्थानीय तहबाट पहिचान भई आएका सडक आयोजनाहरुको प्राविधिक सम्भाव्यता,

(ख) एउटा सडक रेखाङ्कनले एकभन्दा बढी स्थानीय तहलाई समेट्न सक्ने सम्भावना,

(ग) भौगोलिक सन्तुलन, र

(घ) प्रदेश सरकारबाट कार्यान्वयनमा रहेका आयोजनासंग दोहोरोपना नहुने।

कार्यक्रम सम्बन्धी थप जानकारीको लागि स्थानीय पूर्वाधार विभाग, प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम, कार्यक्रम समन्वय इकाई, ललितपुरमा सम्पर्क राख्नु हुन साथै प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ र स्थानीय तहले सडक माग गरी पठाउँदा प्रयोग गर्नुपर्ने फारामहरु विभागको वेबसाईट www.doli.gov.np र मन्त्रालयको वेबसाईट www.mofaga.gov.np मा प्राप्त गर्न सकिने व्यहोरा समेत अनुरोध छ।

**सम्पर्क फोन नं.:-** ०१-५५५५००१, ०१-५५४३१९७, ०१-५५४९७३४

**सम्पर्क तथा पत्राचार गर्ने इमेल ठेगानाः** info@doli.gov.np, monitoring.dolidar@gmail.com

**स्थानीय पूर्वाधार विभाग**

## हालसम्म कालोपत्रे सडकको पहुँच नपुगेका स्थानीय तह (गाउँपालिका/नगरपालिका) ले केन्द्र जोड्ने सडक पहिचान गर्दा भर्नुपर्ने विवरण फाराम

(२०७६ मङ्सिर मसान्तसम्मको स्थिति)

स्थानीय तहको नामः- स्थानीय तहको केन्द्र (सदरमुकाम) रहेको स्थानको नाम र वडा नं.:-

वडाहरुको जम्मा संख्याः- जिल्लाः- प्रदेशको नाम (वा नम्बर):-

१ यस स्थानीय तह (गा.पा/न.पा) मा यातायात गुरुयोजना (MTMP) तयार गरिएको छ कि छैन ? [ ] यो खाली ठाउँमा **छ** वा **छैन** लेख्नुहोस्।

२ यस स्थानीय तहमा रहेका सम्पूर्ण सडकको एकीकृत विवरण

| कालोपत्रे (कि.मी.) Blacktop | खण्डास्मित (कि.मी.) Gravel | माटे (कि.मी.) Earthen | जम्मा (कि.मी.) |
|---|---|---|---|
| १ | २ | ३ | ४ |
| | | | |

३ स्थानीय तहको केन्द्र (सदरमुकाम) सम्म सडक पुगेको छ कि छैन ? [ ] यो खाली ठाउँमा **छ** वा **छैन** लेख्नुहोस्।

४ **स्थानीय तहको केन्द्रमा पुर्याउन प्रस्ताब गरिएको सडक सम्बन्धी विवरणः**

४.१ प्रस्तावित सडकको नाम (बीचका महत्वपूर्ण स्थानहरु सहित शुरु र अन्तिम बिन्दु खुलाउने):

४.२ सबैभन्दा नजिकको कुन राष्ट्रिय लोकमार्ग वा प्रदेश लोकमार्गको कुन स्थान (बिन्दु) बाट केन्द्रसम्म सडक आएको हो, यो सडकको अवस्था कस्तो छ? सो को विवरण तल उल्लेख गर्नुहोस ।

| राष्ट्रिय लोकमार्ग वा प्रदेश लोकमार्गको नाम | उक्त मार्गबाट स्थानीय तहको केन्द्र जोड्ने सडक **छुट्टिने स्थान**को नाम र वडा न. | उक्त बिन्दुबाट स्थानीय तहको केन्द्रसम्मको जम्मा दुरी (कि.मी.) | महल ३ मा उल्लेखित कुल लम्बाईमध्ये हाल कालोपत्रे (BT) सतह भएको सडक खण्ड | | महल ३ मा उल्लेखित कुल लम्बाईमध्ये खण्डास्मित (GR) सतह भएको सडक खण्ड | |
|---|---|---|---|---|---|---|
| | | | (... देखि ... सम्म) | लम्बाई (कि.मी.) | (... देखि ... सम्म) | लम्बाई (कि.मी.) |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | | | | | |

तालिका क्रमशः

**हालसम्म कालोपत्रे सडकको पहुँच नपुगेका स्थानीय तह (गाउँपालिका/नगरपालिका) ले केन्द्र जोड्ने सडक पहिचान गर्दा भर्नुपर्ने विवरण फाराम**

(२०७६ मङ्सिर मसान्तसम्मको स्थिति)

| महल ३ मा उल्लेखित कुल लम्बाईमध्ये माटे (ER) सतह | | अब नयाँ निर्माण गर्नु पर्ने (Planned/Proposed) सडक | |
|---|---|---|---|
| (... देखि ... सम्म) | लम्बाई (कि.मी.) | (... देखि ... सम्म) | (कि.मी.) |
| ८ | ९ | १० | ११ |
| | | | |

तालिका क्रमशः

| | केन्द्र जोड्ने सडक छुटेको राष्ट्रिय लोकमार्ग वा प्रदेश लोकमार्गको बिन्दुदेखि स्थानीय तहको केन्द्रसम्म आउँदा बिचमा नदी/खोला/खोल्सी पर्छ वा पर्दैन ? र पर्ने भएमा ती नदी/खोला/खोल्सीको नाम **क्रमशः** उल्लेख गर्नुहोस्। | | हाल उक्त स्थानमा सडकपुल छ भने सो स्थानको वा छैन भने अब बनाउनु पर्ने सडकपुल रहने **स्थानको नाम र .....पालिकाको वडा नं.** उल्लेख गर्नुहोस्। | | | | हाल भैरहेको सडकपुलको लम्बाई (मी.) वा अब बनाउनु पर्ने सडकपुलको अनुमानित लम्बाई (मी.) |
|---|---|---|---|---|---|---|---|
| | | | नदी / खोला / खोल्सीको **देब्रे (बाँया)** किनारको | | नदी / खोला / खोल्सीको **दाहिने (दायाँ)** किनारको | | |
| | पर्छ वा पर्दैन | पर्ने भए नाम | नाम | ......... पालिका, वडा नं. | नाम | ......... पालिका, वडा नं. | |
| | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ |
| क. | | | | | | | |
| ख. | | | | | | | |
| ग. | | | | | | | |
| घ. | | | | | | | |

४.३ स्थानीय तहको केन्द्र जोड्न प्रस्ताव गरिएको सडकको रेखाङ्कनमा पर्ने जमिन तथा सो को उपयोग सम्बन्धी विवरणः

क) जग्गाको स्वामित्वः सरकारी, ऐलानी/पर्ती, निजी, आदि के हो? क्रमशः खुलाउनुहोस्।।

ख) जग्गाको उपयोगः खाली/चौर, वन, खेती, आदि के छ? क्रमशः खुलाउनुहोस्।।

ग) पहिरो जाने क्षेत्र, सीम क्षेत्र, बाक्लो वस्ती, कडा चट्टान भएको क्षेत्र, आदि पर्छन् भने उल्लेख गर्नुहोस्।

घ) सडक रेखाङ्कनमा कुनै संवेदनशील क्षेत्र पर्ने भए स्पष्ट रुपमा उल्लेख गर्नुहोस्।

## हालसम्म कालोपत्रे सडकको पहुँच नपुगेका स्थानीय तह (गाउँपालिका/नगरपालिका) ले केन्द्र जोड्ने सडक पहिचान गर्दा भर्नुपर्ने विवरण फाराम

(२०७६ मङ्सिर मसान्तसम्मको स्थिति)

५ स्थानीय तहको केन्द्रसम्म कालोपत्रे सडक (अर्थात् सर्वयाम सञ्चालन हुने पक्की सडक) पुर्याउन गर्नुपर्ने कार्यहरु :-

क) सडकको नयाँ ट्र्याक खोली कालोपत्रे (पक्की) गर्नुपर्ने = ....... कि.मी. (नजिकको बिन्दुबाट छोटो दुरी कायम गर्ने गरी स्थान समेत तोकी उल्लेख गर्ने)

ख) भैरहेको माटे सडकको चौडाई विस्तार सहित स्तरोन्नति गर्नुपर्ने = ....... कि.मी.

ग) भैरहेको ग्राभेल सडकको चौडाई विस्तार सहित स्तरोन्नति गर्नुपर्ने = ....... कि.मी.

घ) नयाँ सडकपुल निर्माण गर्नुपर्ने = .... मीटर, ...... खोला/नदीमा, .... मीटर, ...... खोला/नदीमा, .... मीटर, ...... खोला/नदीमा।

ङ) भैरहेको सडकपुलको मर्मत गर्नुपर्ने = .... मीटर, ...... खोला/नदीमा, .... मीटर, ...... खोला/नदीमा।

च) माथि उल्लेख गरिएकाभन्दा बढी वा फरक कार्यहरु गर्नुपर्ने भएमा विस्तृत रुपमा खुलाउनुहोस्।

६ अन्य खुलाउनु पर्ने केही भए:

<u>विवरण पेश गर्नेको</u>

कार्यालयको छाप

सही:

मिति:

पदाधिकारीको नाम:

पदाधिकारीको पद:

स्थानीय तहको नाम:

**द्रष्टव्यः** यो फाराम भरी स्थानीय तहको कार्यपालिकाको निर्णय सहित पेश गर्नुपर्ने छ।

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

# प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न विनियोजन ऐन, २०७६ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कार्यक्रम" भन्नाले प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सम्झनु पर्छ।

(ख) "कार्यक्रम कार्यान्वयन इकाई" भन्नाले कार्यक्रम समन्वय इकाई अन्तर्गत प्रदेश स्तरमा स्थापना गरिएको कार्यालय सम्झनु पर्छ।

(ग) "कार्यक्रम समन्वय इकाई" भन्नाले विभाग मातहत रही कार्यक्रमको सङ्घीय तहमा समन्वय गर्ने संयन्त्र सम्झनु पर्छ।

(घ) "पक्की सडक" भन्नाले कालोपत्रे वा रिजिड पेभमेन्ट भएको सडकलाई सम्झनु पर्छ।

(ङ) "प्रदेश" भन्नाले नेपालको संविधान बमोजिम स्थापना भएका प्रदेशहरु सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ।

(छ) "मर्मत सम्भार" भन्नाले सडकको दिगोपना कायम गर्नका लागि गरिने नियमित, पटके, आवधिक, विशेष र आपतकालीन मर्मत सम्भार कार्यलाई सम्झनु पर्छ।

(ज) "विभाग" भन्नाले स्थानीय पूर्वाधार विभाग सम्झनु पर्छ।

(झ) "विस्तृत आयोजना प्रतिवेदन" भन्नाले निर्माण गरिने सडकको विस्तृत ईञ्जिनियरिङ्ग प्रतिवेदन (सर्वेक्षण, माटो परीक्षण, डिजाइन, नक्शा, लागत अनुमान र स्पेसिफिकेशन) लगायत सडक प्रभावित क्षेत्रको सामाजिक तथा वातावरणीय अध्ययन सहित लाभ-लागत विश्लेषण समेत गरी कार्यान्वयनका लागि तयार गरिएको विस्तृत रुपको दस्तावेज सम्झनु पर्छ।

(ञ) "सडक" भन्नाले कसैको निजी भोगचलनमा नरहेको र निर्धारित सडक क्षेत्राधिकारभित्र प्राविधिक मापदण्ड पूरा गरी निर्माण गरिएको, सार्वजनिक रुपमा ढुवानी तथा यातायातका साधनहरु सञ्चालन गर्न सकिने बाटो, मार्ग वा पथ सम्झनु पर्छ र सो शब्दले त्यस्तो सडकमा पर्ने सबै किसिमका पुल, कज्वे, कलभर्ट, साईकल मार्ग, फुटपाथ, मेडिएन, रोड फर्निचर्सलाई समेत जनाउँछ।

(ट) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिम स्थापना भएका गाउँपालिका र नगरपालिकालाई सम्झनु पर्छ र सो शब्दले उप-महानगरपालिका र महानगरपालिकालाई समेत जनाउँछ।

## परिच्छेद-२

## सडक छनौट र प्राथमिकीकरण

३. **सडक आयोजना पहिचान** : (१) पक्की सडक मार्फत राष्ट्रिय वा प्रादेशिक सडक सञ्जालमा नजोडिएका स्थानीय तहले आफ्नो केन्द्र जोड्ने एउटा सडक पहिचान गरी स्थानीय तहको कार्यपालिकाको निर्णय सहित प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहले सडक पहिचान गर्दा देहायका आधारहरुमा गर्नुपर्नेछ।

(क) सहज, छोटो, कम लागत लाग्ने र सुरक्षित हुनुपर्ने,

(ख) प्रदेश यातायात गुरुयोजना र नगर यातायात गुरु योजना तयार भएको भए सो को प्राथमिकतामा परेका सडक मध्ये एउटा सडक हुनुपर्ने,

(ग) तुलनात्मक रुपमा उच्च प्रतिफल प्राप्त हुने र अधिकतम जनसमुदायलाई सेवा पुग्ने सडक हुनुपर्ने,

(घ) सामाजिक, वातावरणीय तथा भौगर्भिक दृष्टिकोणले उपयुक्त देखिएका सडक हुनुपर्ने,

(ङ) सडकको अधिकार क्षेत्र स्पष्ट भैसकेको र पछि कार्यान्वयनमा जाँदा कुनै किसिमको बाधा-अवरोध नआउने हुनुपर्ने,

(च) सडकले ओगट्ने जग्गाका जग्गाधनीले स्वेच्छिक जग्गादान गर्न तयार रहेको सडक हुनुपर्ने ।

४. **आयोजनाको छनौट** : (१) दफा ३ बमोजिम पहिचान भई आएका सडक आयोजनाहरुको प्राविधिक सम्भाब्यता, एउटा सडक रेखाङ्कनले एकभन्दा बढी स्थानीय तहलाई समेट्न सक्ने सम्भावना र भौगोलिक सन्तुलन, प्रदेश सरकारबाट कार्यान्वयनमा रहेका आयोजनासंग दोहोरोपना नहुने समेतको आधारमा प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयले छनौट गरिने सडकहरुको सूची तयार गरी स्वीकृतिका लागि कार्यक्रम समन्वय इकाईमा पठाउने छ।

(२) उपदफा (१) बमोजिम प्राप्त सडकहरुको सूची उपर बजेटको उपलब्धता, प्रादेशिक सन्तुलन र सामाजिक न्याय समेतका आधारमा कार्यक्रम समन्वय इकाईले सिफारिस सहित स्वीकृतिका लागि विभाग मार्फत मन्त्रालयमा पेश गर्नेछ।

(३) कार्यक्रम अन्तर्गत निर्माणका लागि छनौट गरिएका सडकहरुको अन्तिम स्वीकृति मन्त्रालयले गर्नेछ।

५. **सडक निर्माणको प्राथमिकता** : दफा ४ बमोजिम छनौट गरिएका सडकहरु मध्येबाट विस्तृत आयोजना प्रतिवेदन तयार भइसकेका सडकहरु देहायका प्राथमिकताका आधारमा निर्माण कार्य सञ्चालन गर्न कार्यक्रम समन्वय इकाईले कार्यक्रम कार्यान्वयन इकाईलाई लेखी पठाउने छः-

(क) नयाँ ट्र्याक खोली पक्की गर्नु पर्ने सडक,

(ख) विस्तार तथा स्तरोन्नती गरी पक्की गर्नु पर्ने सडक,

(ग) निर्माण कार्य सञ्चालन गरिने सडकको रेखाङ्कनमा निर्माण गर्नु पर्ने सडक पुल।

६. <u>सडक निर्माणको आधारः</u> (१) कार्यक्रम अन्तर्गत सडक निर्माण गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) भौगोलिक अवस्था हेरी सडक अधिकतम दुई लेनको हुने,

(ख) सडक निर्माण गरिने क्षेत्रको धरातलीय स्वरुप र भौगोलिक तथा भौगर्भिक अवस्थालाई मध्यनजर गर्दै, पहिरो जाने सम्भावना वा वन क्षेत्र विनाश हुने अवस्था देखिएमा सडक एक लेनको पनि हुन सक्ने,

(ग) सुरक्षित सडकको अवधारणालाई कायम गरिनु पर्ने,

(घ) आवश्यकता अनुसार पैदल मार्ग, साईकल ट्र्याक लगायतका संरचनाको निर्माण गरिनु पर्ने।

(२) सडक निर्माण कार्यको खरिद गर्दा न्यूनतम दुई वर्षको कार्य सम्पादनमा आधारित मर्मत पद्धति अवलम्वन गरिने।

(३) सडक निर्माण गर्दा नेपाल सरकारबाट स्वीकृत सडक मापदण्ड तथा पुल मापदण्डको पालना गरिने।

## <u>परिच्छेद ३</u>

## <u>कार्यक्रम कार्यान्वयन विधि</u>

७. <u>विस्तृत आयोजना प्रतिवेदन</u> : (१)दफा ४ बमोजिम स्वीकृत भएका सडक आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन कार्यक्रम कार्यान्वयन इकाईले तयार गर्नेछ।

(२) स्थानीय तहको केन्द्र जोड्न यस अघि स्थानीय तह, प्रदेश तथा अन्य निकायबाट तयार भएका विस्तृत आयोजना प्रतिवेदन दफा ६ बमोजिमको सडक निर्माणको आधार बमोजिम कार्यक्रम कार्यान्वयन इकाईले अध्यावधिक गर्नेछ।

(३) उपदफा (१) बमोजिम विस्तृत आयोजना प्रतिवेदन तयार गर्न कार्यक्रम कार्यान्वयन इकाईले कार्यक्रम समन्वय इकाईको सहमति लिई आवश्यकता अनुसार परामर्श सेवा खरिद गर्न सक्नेछ।

(४) विस्तृत आयोजना प्रतिवेदन तयार गर्दा दफा ६ बमोजिमको सडक निर्माणको आधार अवलम्बन गर्नुपर्नेछ।

(५) कार्यक्रम समन्वय इकाईले उपदफा (२) र (४) बमोजिम तयार भएका विस्तृत आयोजना प्रतिवेदन उपर आवश्यकता अनुसार स्थलगत निरीक्षण समेत गरी पुनरावलोकन गर्नेछ।

८. <u>कार्यक्रमको कार्यान्वयन</u> : (१) कार्यक्रम कार्यान्वयन ईकाइबाट यस कार्यक्रमको कार्यान्वयन हुनेछ।

(२) विस्तृत आयोजना प्रतिवेदन तयार भएका सडक आयोजनाहरुको कार्यान्वयन गर्दा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम ठेक्का प्रणाली अवलम्बन गरी गरिनेछ।

(३) कार्यक्रम समन्वय इकाई तथा कार्यक्रम कार्यान्वयन इकाईले कार्यक्रम कार्यान्वयन गर्दा मन्त्रालय र विभागबाट दिइएको निर्देशन पालना गर्नु पर्नेछ।

## परिच्छेद-४

## संस्थागत व्यवस्था र जिम्मेवारी

९. **संस्थागत व्यवस्था** : (१) कार्यक्रम कार्यान्वयन तथा सहजीकरण गर्न अनुसूची-१ बमोजिमको संस्थागत व्यवस्था रहनेछ।

(२) केन्द्रमा विभाग अन्तर्गत कार्यक्रम समन्वय इकाईको गठन गरिनेछ।

(३) दफा २ अनुसार गठन हुने कार्यक्रम समन्वय इकाईमा विभागका उप-महानिर्देशक कार्यक्रम संयोजक रहने गरी अनुसूची -२ बमोजिम जनशक्ति व्वस्थापन हुनेछ।

(४) उपदफा (३) बमोजिमको जनशक्ति व्यवस्थापन गर्दा सङ्घीय निजामती सेवाका कर्मचारीहरुलाई कामकाज गर्ने गरी खटाइनेछ र निजामती सेवाबाट पदपूर्ति हुने बाहेकका अन्य पदमा प्रचलित कानुन अनुसार सेवा करारबाट आवश्यक सेवा खरिद गरिने छ।

(५) कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम समन्वय इकाई अन्तर्गत रहने गरी सातवटै प्रदेशमा कार्यक्रम कार्यान्वयन इकाईको गठन गरिनेछ।

(६) उपदफा (५) अनुसार गठन हुने कार्यक्रम कार्यान्वयन इकाईमा अनुसूची -३ बमोजिम जनशक्ति व्यवस्थापन हुनेछ।

(७) उपदफा (६) बमोजिमको जनशक्ति व्यवस्थापन गर्दा सङ्घीय निजामती सेवाका कर्मचारीहरुलाई कामकाज गर्ने गरी खटाइनेछ र निजामती सेवाबाट पदपूर्ति हुने बाहेकका अन्य पदमा प्रचलित कानुन अनुसार सेवा करारबाट आवश्यक सेवा खरिद गरिने छ।

(८) कार्यक्रम कार्यान्वयनका लागि कार्यक्रम समन्वय इकाई र कार्यक्रम कार्यान्वयन इकाईमा आवश्यक पर्ने परामर्श सेवा कार्यक्रम समन्वय इकाईले खरिद गर्नेछ।

तर विस्तृत परियोजना प्रतिवेदन तयार गर्नका लागि आवश्यक परामर्श सेवाको खरिद सम्बन्धित कार्यक्रम कार्यान्वयन इकाईले गर्न सक्नेछ।

(९) उपदफा (८) बमोजिम कार्यक्रम समन्वय इकाईले परामर्श सेवा खरीद गर्दा विभागको पूर्व सहमति लिनु पर्नेछ।

१०. **कार्यक्रम निर्देशक समिति** : (१) कार्यक्रम कार्यान्वयनमा समन्वय तथा सहजीकरण गर्न देहाय बमोजिमको कार्यक्रम निर्देशक समिति रहनेछः-

(क) सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - अध्यक्ष

(ख) सह-सचिव (पूर्वाधार विकास महाशाखा), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सह-सचिव, राष्ट्रिय योजना आयोग - सदस्य

(घ) सह-सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (योजना तथा बिकास सहायता समन्वय महाशाखा) - सदस्य

(ङ) प्रतिनिधि (सह-सचिवस्तर), अर्थ मन्त्रालय - सदस्य

(च) प्रतिनिधि (सह-सचिवस्तर), वन तथा वातावरण मन्त्रालय - सदस्य

(छ) प्रतिनिधि (सह-सचिवस्तर), भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय - सदस्य

(ज) प्रतिनिधि (सह-सचिवस्तर), भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - सदस्य

(झ) महानिर्देशक, स्थानीय पूर्वाधार विभाग - सदस्य

(ञ) कार्यक्रम संयोजक, कार्यक्रम समन्वय इकाई -सदस्य सचिव

समितिको बैठकमा आवश्यकता अनुसार विषयगत पदाधिकारी वा विज्ञलाई (२) आमन्त्रण गर्न सकिनेछ।

(३)समितिको बैठक वर्षमा कम्तीमा एक पटक बस्नेछ।

समिति (४)को बैठकको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(५) कार्यक्रम निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः-

(क) कार्यक्रम कार्यान्वयनका लागि नीति तर्जुमा गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनमा आवश्यक सहजीकरण, अनुगमन तथा सुपरीवेक्षण गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनका सन्दर्भमा देखापरेका समस्या समाधान गर्ने, बाधा अड्काउ फुकाउने र मार्गनिर्देश गर्ने,

(घ) सङ्घ, प्रदेश र स्थानीय तहबीच आवश्यक समन्वय गर्ने।

११. <u>स्थानीय पूर्वाधार विभाग</u> : (१) कार्यक्रमको समन्वय, सहजीकरण तथा नियमन विभाग मार्फत हुनेछ।

(२) यस कार्यक्रमको कार्यान्वयन सम्बन्धमा विभागको काम, कर्तव्य देहाय अनुसार हुनेछ :-

(क) सडक आयोजना छनौट तथा प्राथमिकीकरणमा समन्वय तथा सहजीकरण गर्ने,

(ख) कार्यक्रम समन्वय इकाईबाट प्राप्त खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने,

(ग) कार्यक्रमको बजेट व्यवस्थापनमा समन्वय तथा सहजीकरण गर्ने,

(घ) कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गर्ने,

(ङ) सडक आयोजनाहरुको गुणस्तर कायम गर्न आवश्यक पर्ने मापदण्ड तयार गरी लागू गर्ने गराउने,

(च) कार्यक्रम समन्वय इकाईलाई नीति, निर्देशन दिने,

(छ) निर्माण सम्पन्न भएको सडक सम्बन्धित प्रदेश वा स्थानीय तहलाई हस्तान्तरण गर्ने,

(ज) कार्यक्रम निर्देशक समितिले तोकिदिए बमोजिमका कार्य गर्ने।

१२. <u>कार्यक्रम समन्वय इकाईको काम कर्तव्य र अधिकार</u> : (१) कार्यक्रम समन्वय इकाईको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) कार्यक्रमसँग सम्बन्धित निर्माण, परामर्श सेवा र मालसामान आपूर्तिको खरिद गर्ने वा उक्त कार्य गर्न सम्बन्धित कार्यक्रम कार्यान्वयन इकाईलाई आवश्यकता अनुसार अधिकार प्रत्यायोजन गर्ने,

(ख) कार्यक्रमको समग्र कोष तथा लेखा र आर्थिक कार्यसँग सम्बन्धित विवरणको एकमुष्ट रुपमा लगत राख्ने,

(ग) कार्यक्रमका लागि खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तयार साथै आवश्यक वार्षिक बजेट तर्जुमा गरी स्वीकृतिका लागि विभागमा पेश गर्ने,

(घ) कार्यक्रम समन्वय इकाई र कार्यक्रम कार्यान्वयन इकाईमा आवश्यक परामर्श सेवा खरिद गर्ने,

(ङ) निर्माण कार्य, परामर्श सेवा र मालसामान खरिद तथा कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक पर्ने नमूना कागजातहरु तयार गरी कार्यक्रम कार्यान्वयन इकाईलाई उपलव्ध गराउने,

(च) कार्यक्रम कार्यान्वयन इकाईलाई कार्यक्रम कार्यान्वयनमा आवश्यक सहयोग, कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन, परिपालनाको निरीक्षण (कम्प्लाएन्स मनिटरीङ) गर्ने र गुणस्तर कायम गर्न सहजीकरण तथा सहयोग गर्ने,

(छ) कार्यक्रम कार्यान्वयन इकाईबाट प्राप्त विस्तृत आयोजना प्रतिवेदन, बोलपत्र मूल्याङ्कन प्रतिवेदन, निर्माण कार्यको म्याद थप र भेरिएशन आदेश उपर स्वीकृति प्रदान गर्ने,

(ज) कार्यक्रमको मासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक रुपमा भौतिक र वित्तीय प्रगतिको एकमुष्ट विवरण तयार गरी सम्बन्धित निकायमा पठाउने,

(झ) कार्यक्रम कार्यान्वयनका लागि विकास साझेदार संलग्न भएमा सो सम्झौता बमोजिमका कार्यहरु गर्ने,

(ञ) कार्यक्रम निर्देशक समितिको सचिवालयको रुपमा कार्य गर्ने।

१३. <u>कार्यक्रम कार्यान्वयन इकाईको काम, कर्तव्य र अधिकार</u> : (१) कार्यक्रम कार्यान्वयन इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोजना पहिचान तथा छनौटमा आवश्यकता अनुसार प्रदेश, स्थानीय तह र कार्यक्रम समन्वय इकाईसँग समन्वय र सहजीकरण गर्ने,

(ख) कार्यक्रमका लागि आवश्यक खरीदको गुरुयोजना, वार्षिक खरीद योजना तथा वार्षिक बजेट तयार गरी स्वीकृतीका लागि कार्यक्रम समन्वय इकाईमा पठाउने,

(ग) विस्तृत परियोजना प्रतिवेदन तयारी गर्ने सम्वन्धमा आवश्यकता अनुसार परामर्श सेवा खरिद तथा परिचालन गर्ने,

(घ) सडक निर्माण कार्यको खरीद व्यवस्थापन गर्ने,

(ङ) कार्यक्रम समन्वय इकाईसँग आवश्यक समन्वय गरी कार्यक्रमको कार्यान्वयन गर्ने,

(च) कार्यक्रम कार्यान्वयनमा गुणस्तर कायम गर्ने, सामाजिक तथा वातावरणीय प्रभाव न्यूनीकरण हुने गरी निर्माण कार्य सञ्चालन गर्ने गराउने र परिपालना (कम्प्लाएन्स) सुनिशचितता गर्ने,

(छ) विस्तृत आयोजना प्रतिवेदन, बोलपत्रको मूल्याङ्कन, खरिद कार्यको म्याद थप र भेरिएशन आदेश स्वीकृतिका लागि कार्यक्रम समन्वय इकाईमा पठाउने,

(ज) कार्यक्रमको मासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक रुपमा भौतिक र वित्तीय प्रगतिको विवरणहरु तयार गरी कार्यक्रम समन्वय इकाईमा पठाउने,

(झ) कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा सम्बन्धित स्थानीय तह तथा अन्य सरोकारवालाहरुसँग समन्वय गर्ने।

## परिच्छेद-५

## कार्यक्रमको स्रोत परिचालन र खर्च

१४. **कार्यक्रमको स्रोत परिचालन** : (१) कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत व्यवस्थापन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको सहलगानीमा हुनेछ।

(२) उपदफा (१) बमोजिमको स्रोत व्यवस्थापन गर्दा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई शसर्त अनुदानको रुपमा बिनियोजना गर्ने रकम मध्येबाट प्रत्येक बर्ष यस कार्यक्रमको लागि ईएरमार्क गरी बजेट ब्यबस्था गरिनेछ।

(३) उपदफा (२) बमोजिम बाँडफाँट हुने रकम प्रदेशको तर्फबाट न्युनतम ३० प्रतिशत र स्थानीय तहको तर्फबाट न्युनतम १० प्रतिशत हुनेछ।

(४) नेपाल सरकारले कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार विकास साझेदारबाट सहयोग प्राप्त गरी स्रोत परिचालन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम सहयोग परिचालन भएको अवस्थामा कार्यक्रमको कार्यान्वयन विकास साझेदारसँग भएको सम्झौता बमोजिम हुनेछ।

(६) कार्यक्रमको कोष प्रवाह प्रचलित कानून बमोजिम हुनेछ।

१५. **खर्च तथा लेखा प्रणाली :** (१) कार्यक्रमको खर्च तथा लेखा प्रणाली प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानुन बमोजिम हुनेछ।

(२) कार्यक्रम समन्वय इकाई र कार्यक्रम कार्यान्वयन इकाईले निकासा तथा खर्चको आर्थिक विवरणहरु निर्धारित समयमा तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्नेछ।

(३) कार्यक्रमको खर्च तथा लेखाको प्रचलित कानुन बमोजिम महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गरिनेछ।

## परिच्छेद-६

## समन्वय तथा सहजीकरण

१६. **सहजीकरण गर्ने**: कार्यक्रम कार्यान्वयनमा मन्त्रालयको देहाय अनुसारको जिम्मेवारी रहनेछः-

(१) कार्यक्रम अन्तर्गत निर्माण गरिने सडकहरुको छनौट गर्ने,

(२) खरीद गुरुयोजना स्वीकृति, वार्षिक बजेट विनियोजन र स्रोतको सुनिश्चितता गर्ने,

(३) कार्यान्वयनमा रहेका आयोजनाहरुको अनुगमन तथा मूल्यांकन गर्ने र सुधारका लागि निर्देशन दिने,

(४) योजना आयोग लगायत अन्तरमन्त्रालय, अन्तरप्रदेश, अन्तरस्थानीय तह एवम्  विकास साझेदारसङ्ग आवश्यक समन्वय तथा सहजीकरण गर्ने।

१७. <u>प्रदेश सरकार :</u> कार्यक्रम कार्यान्वयनमा प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयको देहाय अनुसारको जिम्मेवारी रहनेछः-

(क) स्थानीय तहहरुबाट पहिचान भई आएका सडक आयोजनाहरुको प्राथमिकीकरण गरी छनौटका लागि कार्यक्रम समन्वय इकाईमा सिफारिस गरी पठाउने,

(ख) कार्यान्वयनमा रहेका आयोजनाहरुको अनुगमन तथा मूल्यांकन गर्ने,

(ग) कार्यक्रम अन्तर्गत निर्माण सम्पन्न भई हस्तान्तरण भएका सडकको मर्मतसंभार गर्ने।

१८. <u>स्थानीय तह</u> : कार्यक्रम कार्यान्वयनमा स्थानीय तहको देहाय अनुसारको जिम्मेवारी रहनेछः-

(क) दफा ३ बमोजिम सडक पहिचान गर्ने,

(ख) सडकको लागि आवश्यक जग्गा उपलव्ध गराउने,

(ग) कार्यान्वयनमा रहेका आयोजनाहरुको अनुगमन तथा मूल्यांकन गर्ने,

(घ) स्थानीय बासिन्दाहरुको सामाजिक सुरक्षा (सोसल सेफगार्ड) का लागि आवश्यक सहयोग तथा समन्वय गरी सडक निर्माणमा सहयोग पुर्याउने,

(ङ) कार्यक्रम कार्यान्वयनमा आवश्यक सहजीकरण गर्ने।

(च) कार्यक्रम अन्तर्गत निर्माण सम्पन्न भई हस्तान्तरित सडकको मर्मतसंभार गर्ने।

## परिच्छेद-७

## <u>विविध</u>

१९. <u>वित्तीय अनुशासन :</u> कार्यक्रम कार्यान्वयनको सन्दर्भमा प्रचलित कानून बमोजिम खर्च गर्ने, खर्चको लेखाङ्कन गर्ने, नियमित प्रतिवेदन तयार गरी पेश गर्ने, आन्तरिक नियन्त्रण कायम गर्ने, लेखापरीक्षण गराउने तथा वित्तीय अनुशासन कायम गर्ने जिम्मेवारी खर्च गर्ने अधिकारीको हुनेछ।


२०. <u>कार्यविधिमा संशोधन :</u> यस कार्यविधिका प्रावधानहरुमा नेपाल सरकार (मन्त्रिपरिषद्) ले आवश्यक संशोधन गर्न सक्नेछ।

२१. <u>बाधा अड्काउ फुकाउ :</u> यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ।

## अनुसूची -१

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

<u>संस्थागत व्यवस्था</u>




सिधा सम्वन्ध ————

समन्वय ..........

## अनुसूची-२

(दफा ९ को उपदफा (३) सँग सम्वन्धित)

**जनशक्ति व्यबस्थापन**

कार्यक्रम समन्वय इकाई (PCU) अन्तर्गत प्रस्तावित जनशक्तिको विवरण

| सि.नं. | पद | श्रेणी | सेवा | समूह | सिफारिस भएको दरबन्दी | स्थायी / करार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कार्यक्रम संयोजक | रा.प.प्रथम | ईन्जिनियरिङ | सिभिल, जनरल | १ | स्थायी | |
| २ | सिनियर डिभिजनल इञ्जिनियर | रा.प.द्धितीय | ईन्जिनियरिङ | सिभिल, जनरल | २ | स्थायी | |
| ३ | उप– सचिव (लेखा) | रा.प.द्धितीय | प्रशासन | लेखा | १ | स्थायी | |
| ४ | ईन्जिनीयर | रा.प.तृतिय | ईन्जिनियरिङ | सिभिल, जनरल | ७ | स्थायी | |
| ५ | नापी अधिकृत | रा.प.तृतिय | ईन्जिनियरिङ | सर्भे | १ | स्थायी | |
| ६ | लेखापाल | रा.प.अनं.प्र | प्रशासन | लेखा | १ | स्थायी | |
| ७ | नायब सुब्बा | रा.प.अनं.प्र | प्रशासन | प्रशासन | १ | स्थायी | |
| ८ | कम्पुटर अपरेटर | रा.प.अनं.प्र | विविध | विविध | १ | करार | |
| ९ | हलुका सवारी चालक | श्रेणी विहिन | | | ४ | करार | |
| १० | कार्यालय सहयोगी | श्रेणी विहिन | | | ३ | करार | |
| **जम्मा** | | | | | २२ | | |

नोटः - स्थानीय पूर्वाधार विभागको उप-महानिर्देशकले कार्यक्रम संयोजक भई कार्य गर्ने।

## अनुसूची-३

(दफा ९ को उपदफा (६) सँग सम्वन्धित)

### जनशक्ति व्यवस्थापन

कार्यक्रम कार्यान्वयन इकाईहरुमा अन्तर्गत प्रस्तावित दरबन्दी :

| सि.नं. | पद | श्रेणी | सेवा | समूह | सिफारिस भएको दरबन्दी | स्थायी / करार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | आयोजना प्रमुख | रा.प.द्धितीय | ईन्जिनियरिङ | सिभिल, जनरल | ७ | स्थायी | सातै वटा इकाईहरुको लागि |
| २ | ईन्जिनीयर | रा.प.तृतिय | ईन्जिनियरिङ | सिभिल, जनरल | ३५ | स्थायी | |
| ३ | सब-ईन्जिनीयर | रा.प.अनं.प्र | ईन्जिनियरिङ | सिभिल, जनरल | ३५ | स्थायी | |
| ४ | लेखापाल | रा.प.अनं.प्र | प्रशासन | लेखा | ७ | स्थायी | |
| ५ | नायब सुब्बा | रा.प.अनं.प्र | प्रशासन | प्रशासन | ७ | स्थायी | |
| ६ | सर्भेक्षक | रा.प.अनं.प्र | ईन्जिनियरिङ | सर्भे | ७ | स्थायी | |
| ७ | ल्याब टेक्निसियन | रा.प.अनं.प्र | ईन्जिनियरिङ | सिभिल | ७ | करार | |
| ८ | कम्पुटर अपरेटर | रा.प.अनं.प्र | विविध | विविध | ७ | करार | |
| ९ | हलुका सवारी चालक | श्रेणी विहिन | | | १४ | करार | |
| १० | कार्यालय सहयोगी | श्रेणी विहिन | | | १४ | करार | |
| **जम्मा** | | | | | १४० | | |